नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
हेभी इक्वीपमेण्ट डिभिजन

# लिलाम सम्बन्धि सूचना

बोलपत्र सूचना नं. HEDBTL/AUCTION/01/2081-82

(पुन प्रकाशित मिति: २०८१/०७/०५)

१) श्री सडक विभाग, हे.ई.डि. बुटवल, रुपन्देहीमा रहेका पुराना काम नलाग्ने कबाड (पत्र) अवस्थामा रहेका निम्नानुसारका सामानहरु जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले प्रथम पटक सूचना प्रकाशित मितिले १५दिन भित्र इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट उल्लेखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र आव्हान गरिन्छ । बोलपत्र सम्बन्धि कागजातहरु www.bolpatra.gov.np/egp बाट डाउनलोड गरी E-Bidding मार्फत मात्र दर्ता गर्न सकिनेछ । बोलपत्र सम्बन्धि आवश्यक कागजातका अतिरिक्त बोलपत्र फाराम दस्तुर बापतको रकम राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, बुटवल शाखामा रहेको राजश्व शिर्षक नं १४२२९ (खाता नं. १०००२०००१००००) हे.ई.डी. बुटवलको कार्यालय कार्यालय कोड ३३७-०१४-८०५) मा दाखिला गरेको बैंक भौचर कपि बोलपत्रसाथ Upload गर्नु पर्नेछ ।

| क.सं | सामानको विवरण | परिमाण | न्यूनतम मुल्य | कैफियत |
|---|---|---|---|---|
| १. | यान्त्रिक उपकरणहरु,लोडर,ग्रेडर, एक्साभेटर जिप, डिस्ट्रिब्युटर | ७ थान | ४४,८३,३२४।६० (भ्याट बाहेक) | |
| २. | स्पेयर्स पार्ट्स | ३४०८ के.जी. (अन्दाजी) | | |
| ३. | टायर, ट्युब्स (विभिन्न साईजको) | २७ थान | | |
| ४. | ब्याट्री " | ४० थान | | |
| ५. | स्क्रेप सामानहरु | २७५० के.जी. (अन्दाजी) | | |
| ७. | विविध सामानहरु | २७ थान लाइन आइटम | | |

२. बोलपत्र फाराम दस्तुर :- रु.२०००/- (दुईहजार मात्र )

३. बोलपत्र दाखिला अन्तिम मिति :-२०८१।०७।२१ दिनको १२:०० बजे

४. बोलपत्र खोलिने समय ,मिति र स्थान:-२०८१।०७।२१ दिनको १:०० बजे श्री स. वि. हे. ई. डि. बुटवल, रुपन्देही ।

५. धरौटी रकम :- कबोल अंकको १० % (दश प्रतिशत -भ्याट सहितको ) ।

६. धरौटी जम्मा गर्ने खाता नं. र बैंकको नाम, कार्यालय कोड र ठेगाना :-बोलपत्र दाखिला गर्दा बोलपत्र जमानत बापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय रुपन्देहीको नाममा रहेको कृषि विकास बैंक, बैंकिङ्ग कार्यालय,रुपन्देही ।धरौटी खाता नं.: ०४१४३०१०१४२५३०२७ हे.ई.डी.बुटवलको कार्यालय कोड ३३७-०१४-८०६ मा दाखिला गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १२० दिन (बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखी ) म्याद भएको बैंक जमानी पत्र (Unconditional Bid Bond) बोलपत्रसाथ पेश गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत बापतको बैंक भौचर, रसिद वा बैंक जमानीपत्र यो सुचना प्रकाशित भएको मिति पछिको हुनु पर्नेछ ।

७. बोलपत्र खरिद गर्न पेश गर्नुपर्ने कागजात:-
क) फर्म/संस्था/कम्पनी भए इजाजत पत्रको नोटरी प्रमाणित प्रतिलिपि ।
ख) कर भुक्तान पत्रको नोटरी प्रमाणित प्रतिलिपि (आ.व. २०७९/०८० सम्मको) ।
ग) व्यक्ति भए नेपाली नागरिकता प्रमाण-पत्रको नोटरी प्रमाणित प्रतिलिपि ।

८. बोलपत्रमा बोल कबोल गरेको कुल जम्मा रकममा नियम अनुसार १३ % मूल्य अभिवृद्धि कर VAT लाग्ने छ ।

९.विस्तृत विवरण र लिलाम हुने सामानहरु हेर्नका लागी कार्यालय समय भित्र यस डिभिजनमा सम्पर्क राख्न सकिने छ ।

१०. बोलपत्र खोल्ने समयमा इलेक्ट्रोनिक प्रक्रिया मार्फत दर्ता गरिएका बोलपत्रहरु submit भएको नदेखिएमा वा आंशिक upload भएमा वा upload गरिएका फाइलहरु Unreadable/corrupted भएमा यो कार्यालय जवाफदेही हुने छैन । सबै सही छाप नभएको, तथा तोकिएको धरौटी रकम जम्मा नभएको वा अन्य कुनै कारणबाट रीत नपुगेको बोलपत्र मुल्याङ्कन समावेस हुने छैन ।

११. लिलाम हुने यान्त्रिक उपकरणहरुको ब्लुबुक र रजिष्ट्रेशन नम्बर अनुसार यातायात व्यवस्था कार्यालयबाट दर्ता नामसारी हुने छैन ।

१२. लिलाम गरिने सामानहरुको न्यनतम मुल्य रु.४४,८३,३२४(अक्षरुपी: चवासिस लाख त्रियासी हजार तीन सय चौबिस पैसा साठि मात्र) भ्याट बाहेक कायम गरिएको छ ।

१३. यस सम्बन्धि अन्य कुराहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

डिभिजन प्रमुख

CamScanner

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
हेभी इक्विपमेन्ट डिभिजन, बुटवल
सुचना नं. ०१/परामर्श/०८१/०८२

प्रथम पटक प्रकाशित मितिः २०८१/०७/०६

## सेवा करार खरिद सम्बन्धी सिलबन्दी बोलपत्रको सूचना

यस कार्यालयको चल अचल सम्पत्ति समेतको चौविसै घण्टा सुरक्षा प्रदान गर्न सुरक्षा गार्ड तथा स्वीपर सेवा आपूर्ति कार्य करारमा लिनु पर्ने भएकोले इच्छुक र नेपाल सरकारबाट ईजाजत प्राप्त सेवा प्रदायक फर्म/कम्पनी वा संस्थाहरुबाट निम्न बमोजिमको सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्र सम्बन्धी कागजातहरु www.bolpatra.gov.np/egp बाट डाउनलोड गरी E-Bidding मार्फत मात्र दर्ता गर्न सकिनेछ । बोलपत्र सम्बन्धि आवश्यक कागजातका अतिरिक्त बोलपत्र फारम दस्तुर बापतको रकम रु.३,०००/- (फिर्ता नहुने) राष्ट्र बाणिज्य बैक लिमिटेड, बुटवल शाखामा रहेको राजस्व शिर्षक नं. १४२२९ (खाता नं. १०००२०००१००००) , हे.ई.डि. बूटवलको कार्यालय कोड नं. ३३७०१४८०६ मा दाखिला गरेको बैक भौचरको स्कायन कपी वोलपत्रसाथ Upload गर्नुपर्नेछ ।

१. बोलपत्र खरिद गर्ने अन्तिम मितिः-२०८१।०८।०५ साझँ ५ बजे सम्म ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मितिः- २०८१।०८।०६ गते दिनको १२.०० बजेसम्म ।

३. बोलपत्र खोलिने समय, मिति र स्थानः-२०८१।०८।०६ गते दिउंसो २.०० बजे, श्री स.वि., हे.ई.डि. बूटवल ।

४.बोलपत्र मान्य हुने अवधि :- बोलपत्र पेश गर्ने अन्तिम मितिबाट १२० दिन

५. बिड बन्ड (जमानत बापत धरौटी रकम) :- ५५,०००।( पचपन्न हजार)

६. बिड बन्ड धरौटी रकम जम्मा गर्ने बैंकको नाम, खाता नं. र कार्यालय कोड नं. :- बोलपत्र दाखिला गर्दा बोलपत्र जमानत बापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, रुपन्देहीको कृर्षि बिकास बैंक कैकिङ कार्यालय रुपन्देही रहेको धरौटी खाता नं. ०४१४३०१०१४२५३०२७ , हे.ई.डि. बूटवलको कार्यालय कोड नं. ३३७०१४८०६ मा दाखिला गरेको सक्कल वैक भौचर वा मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १२० दिन (बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखी) म्याद भएको वैक जमानी पत्र (unconditional Bid Bond) बोलपत्रसाथ पेश गर्नुपर्नेछ। यसरी पेश गरिने जमानत वापतको बैक भौचर, रसिद वा बैक जमानीपत्र यो सूचना प्रकाशित भएको मिति पछीको हुनुपर्नेछ।

७. दाखिला हुन आएका बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिन दिनको १४:०० बजे यस कार्यालयमा बोलपत्रपत्रदाताहरु वा निजका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ ।तर निजहरुको अनूपस्थितीमा पनि बोलपत्रहरु खोल्न बाधा पर्ने छैन ।

८. बोलपत्र आंशिक वा पूर्णरुपले कुनै कारण जनाई वा नजनाई स्विकृत गर्ने वा नगर्ने वा सूचना नै रदद् गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. बोलपत्रदाताले कबोल गरेको ईकाइ दररेट तथा कूल रकम, अंक र अक्षरमा प्रस्ट हुनेगरी उल्लेख गर्नुपर्नेछ ।दररेटमा उल्लेखित अंक र अक्षरमा फरक फरक पर्न गएमा अक्षरमा लेखिएको र दररेट अनुसार हुने कुल रकम कायम हुनेछ ।

१०. बोलपत्र सम्वन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

११. अन्य कार्यविधिहरु अधावधिक सार्वजनिक खरिद ऐन, नियमावली तथा नेपाल सरकारका प्रचलित कानुन बमोजिम हुनेछन्

| सि.नं. | ठेक्का नं. | विवरण | आवश्यक संख्या | दरभाउपत्र फारम दस्तुर रु. | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सुचना नं: ०१/ परामर्श/०८१/०८२ | सुरक्षा गार्ड ५ जना तथा स्वीपर १ जना आपूर्ति कार्य | ६ (६) जना | ३,०००/- | ५५,०००/- | |

नि. डिभिजन प्रमुख



CamScanner